# चौतारा साँगाचोकगढी नगरपालिकाको विद्यार्थी मूल्याङ्कन बोर्ड (गठन तथा कार्य सञ्चालन) कार्यविधि, २०८०

## स्वीकृत मिति : २०८०/०६/२३ गते

**प्रस्तावनाः**

नगरपालिका क्षेत्रभित्र सञ्चालित विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको सिकाई उपलब्धी सुधार गरी विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्नका लागि आन्तरीक तथा बाह्य मुल्याङ्कन प्रणालीलाई व्यवस्थित एवं प्रभावकारी बनाउन नगर स्तरीय विद्यार्थी मुल्याङ्कन बोर्ड गठन गरी परीक्षा तथा गैर परीक्षा सम्बन्धी कार्यहरु सञ्चालन गर्न वाञ्छनीय भएकोले,

चौतारा साँगाचोकगढी नगरपालिकाको नगर कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम **"विद्यार्थी मूल्याङ्कन बोर्ड (गठन तथा कार्य सञ्चालन कार्यविधि, २०८०"** रहने छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) **"बोर्ड"** भन्नाले दफा ३ बमोजिम गठन हुने चौतारा साँगाचोकगढी नगरपालिकाको विद्यार्थी मूल्याङ्कन बोर्ड सम्झनु पर्छ ।

(ख) **"परीक्षा"** भन्नाले कक्षा चारदेखि कक्षा बाह्रसम्मका विद्यार्थीको निर्माणात्मक तथा निर्णयात्मक मूल्याङ्कनका लागि लिइने त्रैमासिक तथा अन्तिम परीक्षा सम्झनुपर्छ ।

(ग) **"प्रश्नपत्र"** भन्नाले कक्षा चारदेखि कक्षा बाह्रसम्मका विद्यार्थीको मूल्याङ्कनका गर्ने उद्देश्यले लिइने परीक्षाका लागि बोर्डबाट निर्माण गरिएको प्रश्नपत्र सम्झनुपर्छ ।

(घ) **"परीक्षक"** भन्नाले बोर्डद्वारा सञ्चालित परीक्षाको उत्तरपुस्तिका परीक्षक सम्झनुपर्छ ।

(ङ) **"प्रश्न निर्माता"** बोर्डले लिने परीक्षामा प्रश्नपत्र निर्माण गर्न तोकिएका शिक्षक सम्झनु पर्छ ।

(च) **"पोर्टफोलियो"** भन्नाले विद्यार्थीको व्यक्तिगत विवरण, सिकाइ सम्बन्धी विवरण, परियोजना तथा सिर्जनात्मक कार्यको विवरण लगायत मुख्य मुख्य विषयहरु समावेश गरिएको व्यक्तिगत फाइललाई सम्झनु पर्छ ।

(छ) **"नगरपालिका"** भन्नाले सिन्धुपाल्चोक जिल्लाको चौतारा साँगाचोकगढी नगरपालिका सम्झनुपर्छ ।

(ज) **"विषय समिति"** भन्नाले विद्यार्थी मूल्याङ्कन तथा परीक्षा सम्बन्धी प्राविधिक कार्य गर्नका लागि बोर्डले गठन गरेका दफा ५ बमोजिमको विषय समितिलाई सम्झनुपर्छ ।

३. **<u>बोर्डको गठनः</u>**

(१) विद्यालय शिक्षाको परीक्षा तथा मूल्याङ्कन सम्बन्धी नीति, योजना, कार्यक्रम सञ्चालन गर्न तथा विद्यार्थी मूल्याङ्कनका लागि परीक्षा र गैर परीक्षाका आवश्यक गतिविधि सञ्चालन, समन्वय, व्यवस्थापन र निरीक्षण गर्नका लागि एक बोर्ड रहनेछ।

(२) बोर्डको गठन देहाय बमोजिम हुनेछः

| | | |
|---|---|---|
| (क) | नगरपालिकाको शिक्षा सम्बन्धी विषय हेर्ने प्रमुख | - अध्यक्ष |
| (ख) | सार्वजनिक विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट नगर प्रमुखबाट मनोनित २ जना | - सदस्य |
| (ग) | सार्वजनिक विद्यालयका शिक्षकहरु मध्येबाट आधारभूत तथा माध्यमिक समेटिने गरी बोर्डको अध्यक्षबाट मनोनित कम्तीमा दुई जना महिला सहित तीन जना | - सदस्य |
| (घ) | बोर्डको अध्यक्षले तोकेको नगरपालिकाको शिक्षा हेर्ने शाखाको कर्मचारी | - सदस्य सचिव |

(३) बोर्डमा मनोनित सदस्यको पदावधि दुई बर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि बोर्डको कुनै सदस्यले पद अनुरुपको आचरण नगरेमा, परीक्षाको गोपनियता भंग गरेमा, कुशलतापूर्वक जिम्मेवारी पूरा गर्न नसकेमा मनोनयन गर्ने पदाधिकारीले जुनसुकै बेला पदबाट हटाउन सक्ने छ।

**तर**

त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मनासिब मौकाबाट बञ्चित गरिने छैन।

(५) बोर्डको बैठक सम्बन्धी कार्यविधि बोर्ड आफैंले निर्धारण गरे बमोजिम हुने छ।

(६) बोर्डका अध्यक्ष तथा सदस्यलाई बोर्डको बैठकमा भाग लिए बापत नेपाल सरकार अर्थ मन्त्रालयको नर्म्स अनुसार बैठक भत्ता दिइनेछ।

(७) बोर्डको बैठकमा बढीमा तीन जनालाई आमन्त्रण गर्न सकिनेछ।

४. **<u>बोर्डको काम, कर्तव्य र अधिकारः</u>**

***(१) बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः***

(क) कक्षा आठ, दश र बाह्रको अन्तिम परीक्षा बाहेकका सम्पूर्ण परीक्षाहरु सञ्चालन तथा व्यवस्थापन गर्ने,

(ख) विद्यार्थी मूल्याङ्कनका लागि आवश्यक परीक्षा र गैर परीक्षाका साधनहरुको विकास गर्ने,

(ग) प्रश्न बैंकको निर्माण गर्ने र सोको अद्यावधिक गरि राख्ने,

(घ) विद्यार्थी पोर्टफोलियोको ढाँचा निर्माण गरी विद्यालय तथा विद्यार्थीलाई उपलब्ध गराउने,

(ङ) परीक्षाको लागि प्रश्नपत्र निर्माण, प्रश्नपत्र परिमार्जन, उत्तर पुस्तिका परीक्षण, उत्तर पुस्तिका सम्परीक्षण, नतिजा प्रकाशन गर्ने, गराउने।

(च) विद्यालय शिक्षाको परीक्षा तथा मूल्याङ्कन सम्बन्धी अन्य आवश्यक कार्य गर्ने, गराउने,

५. **विषयगत समिति सम्बन्धी व्यवस्थाः**

(१) बोर्डले प्रश्नपत्र निर्माण, परिमार्जन, उत्तरकुञ्जिका निर्माण, प्रश्नपत्र छनौट लगायतका प्राविधिक कार्यहरु गर्नका लागि आवश्यकता अनुसार संयोजक सहित बढिमा तीन सदस्य रहने गरी नेपाली, गणित, विज्ञान तथा प्रविधि, सामाजिक अध्ययन, अंग्रेजी तथा ऐच्छिक विषयका विषय समिति गठन गर्न सक्नेछ ।

(२) विषय समितिको काम, कर्तव्य, अधिकार बोर्डले तोके बमोजिम हुनेछ ।

(३) विषय समितिको बैठकसम्बन्धी कार्यविधि समिति आफैले तोकेबमोजिम हुनेछ ।

(४) विषय समितिको कार्यवधि २ बर्षको हुने छ । आवश्यकताका आधारमा बोर्डले समितिको म्याद थप गर्न सक्नेछ ।

(५) बोर्डले उपदफा (१) बमोजिम विषय समिति गठन गर्दा सम्भव भएसम्म आधारभूत र माध्यमिक दुवै तहबाट प्रतिनिधित्व गराउनु पर्नेछ ।

६. **आन्तरिक तथा बाह्य मूल्याङ्कनको मापदण्डः**

(१) विद्यालय शिक्षाको आन्तरिक तथा बाह्य मूल्याङ्कनको मापदण्ड राष्ट्रिय पाठ्यक्रम बमोजिम हुनेछ ।

(२) आधारभूत तहको स्थानीय पाठ्यक्रमको हकमा उक्त पाठ्यक्रममा तोकिए बमोजिम आन्तरिक तथा बाह्य मूल्याङ्कन हुने छ ।

७. **अनुगमन तथा निरीक्षण गर्नेः**

(१) बोर्डले विद्यालयमा हुने मूल्याङ्कन सम्बद्ध विषयहरुमा अनुगमन तथा निरीक्षण गर्ने, गराउने छ ।

(२) अनुगमन तथा निरीक्षणका लागि बोर्डले आवश्यक साधन तथा प्रविधिको विकास गरी प्रयोग गर्न सक्नेछ ।

८. **पोर्टफोलियो व्यवस्थापन गर्नुपर्नेः**

(१) विद्यालयले आन्तरिक मूल्याङ्कनलाई बैध, विश्वसनीय र बस्तुनिष्ठ बनाउनको लागि र सुधारात्मक शिक्षणको आधार तयार पार्नका लागि प्रत्येक विद्यार्थीको पोर्टफोलियो व्यवस्थापन गर्नु पर्नेछ ।

(२) नगर शिक्षा शाखाले विद्यार्थी पोर्टफोलियोको ढाँचा निर्माण गरी विद्यालयलाई उपलब्ध गराउन सक्नेछ ।

९. **बोर्डको बजेट, लेखा र लेखापरीक्षण सम्बन्धी व्यवस्थाः**

(१) नगरपालिकाले बोर्डको लागि आवश्यक बजेट व्यवस्था गर्नेछ ।

(२) बोर्डको आम्दानी, खर्च, लेखा, लेखापरीक्षण सम्बन्धी सम्पूर्ण कार्य नगर कार्यपालिकाको कार्यालयबाट हुनेछ ।

१०. **निर्देशन दिन सक्ने:**

(१) बोर्डले विद्यार्थी मूल्याङ्कन तथा परीक्षा सम्बन्धमा विद्यालयलाई निर्देशन दिन सक्नेछ ।

(२) बोर्डले दिएको निर्देशन पालना गर्नु विद्यालयको कर्तव्य हुनेछ ।

११. **कार्यविधिको संशोधन:**

नगर कार्यपालिकाले आवश्यकता अनुसार कार्यविधिको संशोधन गर्न सक्नेछ ।